बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
प्रदेश नं. ५, नेपाल

मिति : २०७५/११/०३

**यस नगरपालिका अन्तर्गतका नदीबाट ढुंगा, गिट्टी, बालुवा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने बारे सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७५/११/०३**

बर्दघाट नगरपालिका क्षेत्र भएर बग्ने गँगटे खोला , बर्दघाट २, पटुकेको विभिन्न वगर क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ (पछिल्लो संशोधन) को नियम(३) अनुसूची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अध्ययन गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने क्रममा नियम ७ को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्ने प्रभावको बारेमा सम्बन्धित नगरपालिकाका वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सम्बन्धित अन्य निकाय र सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई सहयोग गरिदिन हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

राय सुझाव पठाउने ठेगाना :
बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी
मो. ९८५७६४३१११
ईमेल: bardghat.municipality@gmail.com

(चिरञ्जीवी गिरी)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत